# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक ३९, २०७९ बैशाख २० मंगलवार (Jhuleni Post Weekly) 03 May 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## मत माग्न घरघर पस्दै उम्मेदवार




**गिता गौतम**
**झुलेनी पोष्ट, प्यूठान**

स्थानीय तह निर्वाचन नजिकिए सँगै उम्मेदवारहरूले प्यूठानमा घरदैलो अभियानलाई तीव्रता दिएका छन् । उम्मेदवारहरू आफ्ना प्रतिवद्धता पत्र र प्रचारप्रसार सामग्री सहित कार्यकर्ताको हुल बाँधेर घरदैलोमा जुटेका हुन् ।

नेकपा एमाले जिल्ला कमीटी प्यूठानले चुनावी प्रचार प्रसार कार्याक्रम अन्तर्गत जिल्लाका सबै स्थानीय तहरुमा घरदैलो कार्यक्रम गरिहेको नेकपा एमाले प्यूठानका अध्यक्ष तथा प्यूठान नगरपालिकाका मेयर पदका उम्मेदवार विजय बिराज विष्टले जानकारी दिए । सबै पालिकाहरुमा टोल समितिलाई सक्रिय बनाएर उम्मेदवारसहित घरदैलो गर्ने काममा जोड दिइएको उनले जानकारी दिए ।

प्यूठान नगरपालिका क्षेत्रका १० वटा वडाहरु मध्ये ४ वटा वडाहरुमा मेयर उपमेयर सहितको टोलीले घरदैलो गरिसकिएको एमाले प्यूठान नगरपालिका अन्तर्गत निर्वाचन परिचालन समितिका संयोजक लक्ष्मीप्रकाश राजभण्डारीले जानकारी दिए । प्यूठान नगरपालिकाको ६, ८, ९ र १० नम्बर वडाहरुमा घरदैलो कार्यक्रम सकिएको राजभण्डारीले बताए । घरदैलो कार्यक्रममा मतदाताहरुमाँझ पुग्दा मतदाताहरुको उत्साहजनक सहभागी पाइएको राजभण्डारीले बताए ।

दलहरुले यसअघि पार्टीले गरेका जनपक्षिय कामहरु लिएर मतदातासँग मत माग्ने गरेका छन् । त्यस्तै सत्ता गठबन्धनका पक्षहरुले पनि गठबन्धन गरेका स्थानहरुमा चुनावी प्रचारप्रसार अभियानलाई तिव्रता दिइएको छ । मतदातासँग गठबन्धनका उम्मेदवारलाई मत माग्दै घरदैलो कार्यक्रम

**बाँकी ४ पेजमा**

## ३ सय ३८ पदका लागि ९ सय २१ जना मैदानमा

प्यूठानका ९ वटै स्थानीय तहमा गरि ९ सय २१ जना निर्वाचनमा होमिने भएका छन् । निर्वाचन कार्यालय प्यूठानले उम्मेदवारहरुको अन्तिम नामावली अनुसार ९ सय २१ जना निर्वाचनमा होमिने छन् । ९ स्थानीय तहको प्रमुखका लागि ४१ जना चुनावी मैदानमा उत्रिएको जिल्ला निर्वाचन कार्यालय प्यूठानका प्रमुख राजन श्रीवास्तवले जानकारी दिए । प्यूठान नगरपालिकामा ४ स्वर्गद्वारी नगरपालिकामा ६, झिमरुक गाउँपालिकामा ५ र नौबहिनी गाउँपालिकामा ४ जनाको अन्तिम नामावली प्रकाशन गरिएको श्रीवास्तवले बताए ।

गौमुखी गाउँपालिका मा ६, सरुमारानी गाउँपालिकामा ४, ऐरावती गाउँपालिकामा ३, मल्लरानी गाउँपालिकामा २ र माण्डवी गाउँपालिकामा

**बाँकी ४ पेजमा**

### जीवनको रङ्ग

## सिमलाको सीपले लिस्नेमा फल्दै छ स्याउ

**तेजेन्द्र बिएम**
**झुलेनी पोष्ट, प्यूठान**





दशवर्ष भारतको सिमलाको स्याउ फर्ममा प्यूठान नगरपालिका-५ जुम्रीकाढा टोड्केका किमबहादुर जीसीले काम गरे । उनकै मेहनतले स्याउ बगैचाबाट मालिकले करोडौं रुपैया कमाए । श्रीमती र दुई छोरी फर्ममै काम गर्थे । सधै प्रदेशमा बसेर काम गरेर मात्र हुदैन भन्ने उनीहरुलाई लाग्यो । दश वर्ष सीकेको कामको सदुपयोग गर्दै आफ्नै बारीमा स्याउ बगैचाको मालिक बन्दै छन् । तीन वर्ष पहिले उनले आफ्नै बारीमा स्याउ लगायत अन्य फलफूल रोपेर अरुलाई नमुना देखाई रहेका छन् । उनले रोपेका स्याउका बिरुवा हुर्कदै गएका छन् भने आरु बखडा यस वर्षदेखि फल लाग्न थालेको छ ।

'हाम्रो जस्तै डाँडाका बारीमा आफैले रोपेको स्याउले लाखौं रुपैया कमाई भइरहेको देख्यौ', उनले भने, 'हाम्रो बारीमा किन नफल्ला भन्ने लागेर स्याउ रोप्ने योजनासहित नेपाल फर्केका हौं ।' भारतबाट फर्कदा उनीहरु उतैबाट स्याउका बिरुवा लिएर रोप्ने योजना साथ बिरुवाको पनि बन्दोबस्त गरेर आएका थिए ।

प्यूठान नगरपालिकाको कृषि शाखाले उताको बिरुवा भन्दा यतैको बिरुवा राम्रो हुने सल्लाह पछि उनले यहीकै बिरुवा रोपेको बताए । स्याउसहित आरु बखडा, दाते ओखर लगायत करिव एक हजार बिरुवा रोपेका छन् ।

स्याउका बिरुवालाई आवस्यक पर्ने मलको लागि ७० ओटा बाख्रा पनि पालेका छन् । उनीहरुले भारतमा दश वर्ष बस्दा कमाएको रुपैया जति स्याउ

**बाँकी ४ पेजमा**

### हाम्रो नजर

## माण्डवीले निकाल्यो शैक्षिक क्यालेन्डर



*प्यूठानको माण्डवी गाउँपालिकाले शैक्षिक सुधार र विद्यार्थीको सर्वाङ्गीण विकास गर्न शैक्षिकसत्र २०७९ मा गरिने अतिरिक्त क्रियाकलापहरु र पालिकास्तरबाट गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरु समेटेर वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन गरेको छ । शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाउन आवश्यक एकाई योजना, पाठयोजना तथा अतिरिक्त क्रियाकलापहरु समेटेर प्यूठानको माण्डवी गाउँपालिका शिक्षा शाखाले वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरेको हो । वार्षिक शैक्षिक गतिविधि,अतिरिक्त क्रियाकलाप,पालिका स्तरिय कार्यक्रम गर्नुपर्ने काम र पालिका भित्र रहेका विद्यालयहरुको तस्वीर र विभिन्न शिक्षा सम्बन्धि जानकारीमुलक तथ्यांकहरु समेटेर बनाईएको शैक्षिक क्यालेण्डर निर्माण समिति संयोजक बलराम पुनले जानकारी दिए ।*

*विद्यालयको कक्षाकोठा भित्र र बाहिरका क्रियाकलाप सञ्चालन गर्न, योजनाबद्ध रुपमा शैक्षिक गतिविधि सञ्चालन गर्न सजिलो होस भन्ने उद्देश्यकासाथ माण्डवी गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा निजि विद्यालयको शैक्षिक गुणस्तरलाई सुदृढ गर्न*

**बाँकी ४ पेजमा**

## किसानको दु:ख कसले सुन्ने ?



*प्यूठान नगरपालिका वडा नं ७ टिकुरी बसपार्क देखि अलिकति तल बाँध बाँधेर क्वाडीसम्म सिँचाईको लागि लगिने कुलो वडा नं ७ भित्रको सत्तरी फाँट, सिम्ले लगायत क्षेत्रमा अव्यवस्थित छ । उक्त सिँचाई कुलोको छेउछाउमा खलंगा, बड्डाँडा, सारीबाङ, भित्रिकोट, टिकुरी लगायतका स्थानीय किसानहरुको खेत छ । सो कुलोमा व्यवस्थित बाँध नभएका कारण ती किसानले समस्या खेप्नु परेको छ। अव्यवस्थित कुलोमा छेकबाँध नभएकाले खेत खोल्दै खेतहरुमा कुलोको पानी अनावश्यक पस्दा ठुला ठुला खाडलहरु समेत बनाएको छ । पटकपटक सम्बन्धित वडा र नगरपालिका धाउँदा पनि उनीहरुको कुरा सुनुवाई नभएको किसानहरुको भनाई छ । स्थानीय विष्णुदेवी खत्रीले कुलोको कारण धेरै समस्या भोग्नु परेको गुनासो गरिन । उनले आफ्नो खेत कुलोको छेउँमा परेको कारण पटकपटक बाँध लगाउँदा पनि कुलोले बाँध भत्काई खेतीलाई असर पारेको बताइन । दर्जनौ किसानलाई समस्या निम्ताउने कुलोको व्यवस्थापनमा सरोकारवाला निकायको ध्यान जावस् ।*

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

झुलेनी पोष्ट
सम्पादकीय....

## महिलालाई उपेक्षा किन ?

जिल्लाका कृयाशिल प्रमुख राजनीतिक दलले यो निर्वाचनमा महिलालाई नेतृत्व दिन सकेनन् । जिल्लाका ९ स्थानीय तहमा गठबन्धन र नेकपा एमालेबाट कुनै महिलाको पनि प्रमुख पदमा मनोनयन दर्ता भएन । उम्मेदवार बनाइएनन् ।

गठबन्धनका तर्फबाट प्यूठान नगरपालिकामा माओबादी केन्द्रबाट विष्णु योगी प्रमुख र उपप्रमुखमा नेपाली कांग्रेसका देबेन्द्र बर्मा उम्मेदवार बनेका छन् । स्वर्गद्वारी नगरपालिकामा नेपाली कांग्रेसका टेकप्रसाद भण्डारी र राजमोको गिरबहादुर गुरुङ उम्मेदवार बनेका छन् । यस्तै अन्य ७ वटै स्थानीय तहमा गठबन्धनले महिला प्रमुखमा उम्मेदवार बनाएको छैन । नेकपा एमालेले पनि जिल्लाका कुनै पनि स्थानीय तहमा महिलालाइ प्रमुख पदमा उम्मेदवार नबनाएर उपमै सिमित बनाएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले दिएको तथ्यांक अनुसार प्यूठानमा कुनै पनि महिलाको प्रमुख पदमा उम्मेदवारी परेको छैन ।सम्भावना भएर पनि महिलाहरूलाई प्रमुखमा नदिइएको सारोकारवालाहरूको गुनासो छ । यसअघि जित हासिल गरेका पार्टीहरुबाट कम मात्र महिलाले प्राथमिकता पाएका छन । सबै पार्टीहरुले महिलालाई उप पदमै सिमति बनाएका छन् । यसले समावेशी सिद्धान्तलाई धज्जी उडाएन र ?

# गठबन्धनले जोगाउला प्यूठानको कम्युनिस्ट पहिचान ?



गिरू प्रसाद भण्डारी

कम्युनिस्ट पार्टीका धेरै नेता जन्माउने जिल्लाको रुपमा प्यूठान एक नम्बरमा आउँछ । राप्ती अञ्चलकै सबै भन्दा पुरानो, गतिशील र जेठो कम्युनिस्ट आन्दोलन समेत प्यूठानको रहेको कम्युनिस्ट नेताहरु दावी गर्दछन् । प्यूठान कम्युनिस्ट नेता जन्माउने जिल्ला मात्र नभएर सधै कम्युनिस्टको गढनै रहदै आएको छ । बहुदलिय व्यवस्था आएपछि हरेक निर्वाचनको मतको आधारमा कम्युनिस्ट पार्टी प्यूठानमा पहिलो नम्बरमै छ ।

२०७४ को समानुपातिक तर्फको मत परिणाम हेर्दा कम्युस्ट पार्टीले पाएको मत अन्य पार्टीको तुलना धेरै अन्तरले बढि छ । त्यो निर्वाचनमा नेकपा एमालेले २४ हजार ७ सय ६३, राजमोले १५ हजार ४ सय ४७ र नेकपा एकीकृत (माओबादी)ले १४ हजार ८२ मत ल्याएका थिए । नेपाली कांग्रेसले २२ हजार ८ सय ४६ मत ल्याएको थियो ।

संगठित तवरले प्यूठानमा कम्युनिस्ट पार्टी बनाउने काम मोहनविक्रम सिंहले थालेका थिए । त्यसैले सबैले मोहनबिक्रमलाई अझै पनि कम्युनिस्टका गुरु ठान्छन् । पहिले आर्य समाज, त्यसपछि नेपाली कांग्रेस र मातृका कोइरालाको राष्ट्रिय प्रजापार्टी हुँदै मोहनविक्रम सिंह कम्युनिस्ट बनेका थिए । प्यूठानमा कम्युनिस्ट पार्टी बलियो बनाउन २०१० साल फागुनमा मोहनविक्रम र खगुलाल गुरुङले रातामाटामा शिविर चलाए । जिल्लाभरिका करिब डेढ सय सहभागीहरूलाई उक्त शिविरमा शारीरिक अभ्यासका साथै सैद्धान्तिक क्लास दिइएको थियो । त्यसपछि ७ जनाले नेपाल कम्युनिस्ट पार्टी प्यूठान गठन गरेका थिए । संस्थापक ७ मध्य मोहनविक्रम सिंह मात्र जिवित छन् ।

मोहनबिक्रम र खगुलालले रोपेको कम्युनिस्ट राजनीतिक जागरण आन्दोलनलाई पहिचल्लो पटक उनै मोहनक्रिमलेले मार्दै गएको प्यूठानका बाम बुद्धिजीवीहरु बताउँछन् । 'सुरुमा मोहन जी कम्युनिस्ट पार्टी प्रति निष्ठावान हुनुहुन्थ्यो,' बाम बुद्धिजीवी शशिधर भण्डारीले भने, ' पछिल्ला दिनहरुमा उहाँ साँघुरो घेरामा रोमल्लिन थाल्नु भो । आफ्नै गुरुको विरोध गनपर्ने दिन हामीलाई आएका छन ।'

आसन्न स्थानीय तह निर्वाचनमा यतिबेला प्यूठानको कम्युनिस्ट पार्टीको इतिहास सम्झाउने मुद्दा मोहोनबिक्रम र उनको पार्टी राजमो र अर्को बाम घटक माओबादी केन्द्रले उठाएको छैन । बरु जो संग मिलेर जसरी पनि केहि स्थानीय तहहरुमा चुनाव जित्ने अर्को कम्युनिस्ट घटक एमालेलाई हराउने ध्याउन्नमा छ । मोहोनबिक्रम र उनको पार्टी कांग्रेस नेतृत्वको पाँचदलीय सत्ता गठबन्धनमा छन् । उनकी श्रीमती दुर्गा पौडेल यसको अग्रमोर्चाका रहेको देखिन्छीन । उनी यस अघि बाम गठबन्धनबाट प्यूठानको संघिय सांसद निर्वाचित भएकी थिइन् । त्यो बेला एमालेका कार्यकर्ता समेतले मत दिएर उनलाई जिताएका थिए । अहिले उनी फेरी कांग्रेससंग मिलेर सांसद बन्ने दाउमा छिन् । राजमोको यो निर्णय प्रति असन्तुष्टहरूको समूह प्यूठानमा पनि उत्तिकै छ । प्यूठानका केहि स्थानीय तहहरुमा राष्ट्रिय जनमोर्चा समन्वय समितिको तर्फबाट स्वतन्त्र उम्मेदवारी परेका छन् । प्यूठानमा २ नगरपालिका र ७ गाउँपालिका गरि ९ वटा स्थानीय तह छन । राजमोले गठबन्धनको तर्फबाट २ वटा स्थानीय तहको प्रमुख पाएको छ । गौमुखी गाउँपालिकामा राजमो एक्लै भिडेको छ । प्यूठान, स्वर्गद्धारी नगरपालिका, ऐरावती, सरुमारानी, नौबहिनी गाउँपालिकामा राजमोले उपप्रमुखको पद समेत नलिएर कांग्रेसलाई सघाएको छ ।

२०७४ को स्थानीय निर्वाचनमा राजमोले मल्लरानी र झिमरुक गाउँपालिकामा एक्लै लडेर अध्यक्ष, उपाध्यक्ष सहित बहुमत वडाहरुमा जित हात पारेको थियो । अहिले यी दुबै स्थानीय तहहरुमा राजमोले उपाध्यक्ष कांग्रेसलाई दिएको छ । यो तथ्यले प्यूठानमा राजमोको शाख गिर्दै गएको पुष्टी हुन्छ । माओवादी केन्द्रले गठबन्धनमा माण्डबी र प्यूठान नगरपालिकाको प्रमुख पद पाएको छ । माओवादीले पनि धेरैजसो स्थानीय तहमा कांग्रेसलाइनै सघाएको छ । ऐरावती, नौ बहीनी र गौंमुखीमा गत स्थानीय तहमा नेतृत्व कांग्रेसले हात पारेको थियो । अहिले गठबन्धनमा रहेका दलहरुले पाएको पुरानो अंग गणितको आधारमा थप स्थानीय तह जित्नेमा कांग्रेस ढुक्क जस्तो देखिन्छ ।

हाल जिल्लाको कम्युनिस्ट राजनीति रंगमञ्चमा नेकपा एमाले, राजमो र नेकपा माओबादी केन्द्र सक्रिय छन् । यी कम्युनिष्ट पार्टी बिच देखिएको चिसोपनले कांग्रेसले फाइदा उठाइरहको छ । प्यूठानको राजनीतिले धेरै रङ बदली सकेको छ । राजनीति निष्ठा, सिद्धान्त त्यागेर आफन्त जिताउन स्वयं् मोहोनविक्रमले पनि केहि बर्षदेखि रंग बदल्दै छन् । यसले गर्दा प्यूठानको कम्युनिष्ट आन्दोलनको विरासत मोहोनबिक्रमकै कारणले खुम्चदै छ ।

# स्थानीय तहको निर्वाचनमा योग्य र सक्षम नेतृत्व चयन गरौं



चक्र चन्द

आगामी बैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदैछ । चुनाव नजिकिए सँग उम्मेदवार छनौट,उम्मेदवारी दर्ता लगायतका कामहरु धमाधम भैरहेका छन् । चुनावले के गाउँ,के सहर हरेक ठाउँमा चहलपहल र रौनकता छाएको छ । मानौं कि ठुलै चाडपर्व आएजस्तै हरेक ठाउँमा माहोल तताएको छ । चिया पसल देखि घर,अफिस र सहर बजारमा प्रायः चुनाव कै कुरा हुने गर्छन् । स्थानीय तहको निर्वाचन भएको हुनाले पनि हरेक स्थानमा बस्ने नागरिकले चासोका साथ यो निर्वाचन लिनु अत्यन्त आवस्यक पनि हो । यो बेला मतदाता बलिया र नेता कमजोर हुने समय पनि हो । हरेक पाँच - पाँच वर्षमा आउने यो निर्वाचनमा नागरिकले योग्य र सक्षम उम्मेदवार छनौट गरि भोट हाल्नु उनीहरुको कर्तव्य पनि हो । समाजको भलाई,स्थानीय परिवेश सुहाउँदो सबैको मन जित्न सक्ने विकासप्रेमी योग्य र सक्षम उम्मेदवार छनौट गरे मात्रै उस्ले आफू बस्ने समाजलाई विकास र परिवर्तनको मार्गमा डोऱ्याउन सक्छ होइन भने पाँच वर्ष उसैलाई सराप्दै मा जानपनी सक्छ । हाम्रो लाई भन्दा राम्रो र असल नेतृत्व चयन गर्न नागरिक यो समय चुक्नु हुँदैन । यतिबेला पैसा र पावरको प्रयोग गरि मतदातालाई प्रलोभनमा पार्न उम्मेदवारहरुले हरेक प्रयत्न गर्न पनि पछि पर्दैनन् । उनीहरुको पछि लाग्नु भनेको आफू र आफ्नै समाज माथि घात गरेको हुन्छ यसैले मतदाता यस्तो बेलामा विशेष चनाखो हुनुपर्ने हुन्छ । सचेत मतदाताले आफू बस्ने समाजको भविष्य कस्ता उम्मेदवारका हातमा

बाकी ६ पेजमा

## नगरबासीलाई अनुरोध

"घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

# स्थानीय तहमा दलित प्रतिनिधित्वको सवाल

-प्रदीप परियार

***अघिल्लो पटक निर्वाचित दलित जनप्रतिनिधिहरूको अनुभव र कामको समेत मूल्याङ्कन गर्दै ती माथिल्लो पदमा पुग्ने सुनिश्चितता गर्नुपर्छ ।***




नेपाली समाजले दलितलाई पछाडि पारिएको वा उत्पीडित समुदायका रूपमा मात्रै बुझ्ने गरेको छ। यही साँघुरो बुझाइका कारण दलित समुदायप्रति सहानुभूतिको दृष्टि राखिन्छ। त्यसैले नेपाली राज्यसत्ताले दलितलाई गरेको असमान व्यवहारबारे जुन स्तरमा बहस हुनुपर्थ्यो, अझै हुन सकेको छैन। किनभने राज्यको असमावेशी चरित्रबारे खासै चर्चा हुने गर्दैन।

पछिल्लो दशकमा भएका महत्वपूर्ण संघर्ष र आन्दोलनहरू, खास गरी दसवर्षे माओवादी जनयुद्ध, २०६२-६३ सालको जनआन्दोलन, महिला आन्दोलन, मधेश विद्रोह, थारू आन्दोलन र विभिन्न समयमा भएका दलित समुदायको प्रतिरोधका कारण नेपाली राजनीतिक परिदृश्यमा आशालाग्दो परिवर्तन भएको छ। तर दलित तथा सीमान्तकृत समुदायका लागि देश जति नै प्यारो र आफ्नो भए पनि राज्य पराई/बिरानो नै छ।

नेपालको संविधान-२०७२ को प्रस्तावना, धारा ४, धारा ३८(४), ४०(१) र धारा ४२ लगायत राज्यको निर्देशक सिद्धान्तसमेतमा समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गर्ने भनिएको छ। तर संविधानको यो मूल भावना २०७४ को आम निर्वाचनको परिणाममा प्रतिविम्बित भएन। तीनै तहका सरकारमा दलित, मुस्लिम र थारू समुदायको सार्थक प्रतिनिधित्व हुन सकेन। आफैंले बनाएको संविधानको मूल मर्मलाई राजनीतिक दलहरूले आत्मसात् नगरेको तथ्य गत निर्वाचनको परिणामले देखाउँछ।

दायाँको तथ्याङ्कले नेपालका राजनीतिक दलहरू र तिनका नेतामा जात व्यवस्था र पितृसत्ता कति हावी छ भन्ने प्रस्ट पार्छ। स्थानीय तह निर्वाचन ऐन-२०७३ को दफा ६ बुँदा २ मा पालिका तहको प्रत्येक वडा समितिमा एक दलित महिला अनिवार्य निर्वाचित हुनुपर्ने व्यवस्था गरिएकाले देशैभरि ६,५६७ जना दलित महिला जनप्रतिनिधि चुनिए। स्थानीय तहको निर्वाचन ऐनले यस्तो व्यवस्था नगरेको भए दलित महिलालाई वडा सदस्यको जिम्मेवारीमा देख्न पाइने थिएन। त्यसैले पालिका तहमा देखिएको इन्द्रेनी तस्बिरलाई अर्थपूर्ण रूपमा लिनुपर्छ।

गएको एक महिनामा पंक्तिकारलाई सातै प्रदेश पुगेर राजनीतिक दलहरूका नेता, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरू, दलित भ्रातृ संस्थाका नेताहरू, दलित अभियन्ताहरू, स्थानीय जनप्रतिनिधिहरू र दलित महिला वडा सदस्यहरूसँग साक्षात्कार गर्ने अवसर मिलेको थियो। छलफलका क्रममा अधिकांश गैरदलित नेताले एउटै रटान लगाएका थिए। उनीहरूको भनाइ थियो- दलितलाई टिकट दिन त हुन्थ्यो तर दलितलाई टिकट दिए चुनाव नै जित्दैनन।

गैरदलित राजनीतिक नेतृत्वले बनाएको यस्तो विभेदकारी भाष्यले दलितको राजनीतिक प्रतिनिधित्व सङ्कटमा परेको छ। आसन्न निर्वाचनमा यही मानसिकताले निरन्तरता पाउने प्रबल सम्भावना छ। गठनबन्धन र जित्नैपर्ने दबाबको उपजस्वरूप दलितहरूलाई टिकट नै नदिने सम्भावना बढेको छ। यस्तो परिस्थिति आउनु दुःखद हुनेछ। के राजनीतिक दलहरू संविधानको मूल मर्म समावेशी समानुपातिक प्रणाली संस्थागत गर्न चाहँदैनन् ? के उनीहरू राज्यसत्तामा खस-आर्य पुरुषको प्रभुत्वलाई चिरकालका लागि कायम राख्न चाहन्छन् ? के नेपाली समाजको विविधता राज्य संयन्त्रमा झल्किनुपर्दैन ? दलित तथा सीमान्तकृत समुदायलाई आन्दोलनमा प्रयोग मात्र गर्ने हो कि, राज्यसत्ता सञ्चालनमा उनीहरूको समानुपातिक प्रतिनिधित्व र सहभागिता पनि सुनिश्चित गर्ने हो ? आसन्न स्थानीय तह निर्वाचनका सन्दर्भमा नेपालका राजनीतिक दल र तिनका प्रमुख नेतृत्वले यी प्रश्नहरूको उत्तर दिनैपर्छ। किनभने अब साढे छ हजारभन्दा धेरै दलित महिला वडा सदस्यले नै यी प्रश्नहरू गर्नेछन्। अब दलित तथा सीमान्तकृत समुदाय यी प्रश्नहरूको उत्तरबिना चुप लागेर बस्नेवाला छैनन।

गत निर्वाचनले वडास्तरमा दलित महिलाको अभूतपूर्व र जबरजस्त उपस्थिति गराएको छ। पालिकाका बैठकहरूमा अन्य जातिका जनप्रतिनिधिसँगै बसेर उनीहरू चिया पिउन र आफ्ना विचार राख्न सक्ने भएका छन्। यो कुनै चानचुने उपलब्धि पटक्कै होइन। उदाहरणका लागि, गएको हप्ता यो पंक्तिकारलाई जनकपुरमा एक वडा सदस्य प्रमिला दासले भनेकी थिइन्, 'यसपल्ट पार्टीले मलाई वडा सदस्यमा सिफारिस गरेन। मैले पनि पार्टीलाई भनें- वडा सदस्यमा मलाई होइन अर्की दलित महिलालाई सिफारिस गर्नुस्। अब म उपमेयरमा लड्छु।'

यसरी अहिले गाउँ-गाउँमा, नगर-नगरमा दलित महिलाले आफ्नो दाबेदारी बलियोसँग प्रस्तुत गरिरहेका छन्। बदलिँदो नेपाली समाजको योभन्दा सुन्दर पक्ष अर्को हुनै सक्दैन। हुन त दलित महिलाले वडा सदस्यका रूपमा कामै गर्न सकेनन् भन्ने दुष्प्रचार गर्न खोजिएको छ, जुन असाध्यै दुःखद पक्ष हो। तीन हजार वर्षदेखि जात व्यवस्था र पितृसत्ताको दोहोरो-तेहरो मार खेपेका दलित महिलाले एकाएक चमत्कार गर्छन् भन्ने अपेक्षा राख्नु व्यावहारिक र न्यायोचित पनि हुँदैन। भुइँतहको दलित प्रतिरोध र बहिष्कृत आवाजलाई स्थानीय सरकारसम्म पुर्‍याउन उनीहरूले निर्वाह गरेको भूमिकाका प्रशस्तै उदाहरण छन्। दलित महिलाले काम गर्न सकेनन् भन्ने आरोप लगाउनुअघि वडा सदस्यको भूमिकाबारे पनि बुझ्नुपर्छ। यस प्रसंगमा म सुर्खेतकी एक वडा सदस्यलाई सम्झिन्छु। उनले भनेकी थिइन्, 'जीवनमै, अझ पुस्तौंमा पहिलोपल्ट हामी भान्साबाट निस्किएर जनप्रतिनिधि चुनिएका छौं। पहिलो कार्यकाल त आफ्नो भूमिका बुझ्नमै बित्यो। कार्यकालको अन्तिम समयमा आएर के बुझेका छौं भने, हाम्रो भूमिका मिटिङ माइन्युटमा सही धस्काउने मात्रै नभएर हामी आफ्नो हक र अधिकार दाबी गर्न सक्छौं, त्यसको लागि लडाइँ पनि गर्न सक्छौं।'

सामान्यतया वडा सदस्यको जिम्मेवारी वडा समितिका बैठकहरूमा सहभागी हुने र आफ्नो क्षेत्रका मुद्दा वा समस्याहरू उठाउने हो। मूल प्रश्न हो- उनीहरूको आवाजलाई पालिकाको बैठकले सुन्यो कि सुनेन ? र अहिले समीक्षा गर्नुपर्ने एउटा महत्त्वपूर्ण विषय पनि यही हो। त्यसै गरी, दलित महिला सदस्यहरू हस्ताक्षर मात्र गर्ने हुन् भन्नेहरूले वडामा के-कस्तो विकास गरे, त्यसको पनि समीक्षा गर्न आवश्यक छ।

अन्त्यमा, दलित तथा सीमान्तकृत समुदायका लागि गएको निर्वाचनको परिणाम आशाजनक भए पनि त्यो नेपालको संविधानको मूल मर्मविपरीत छ। दलित महिला वडा सदस्यबाहेक, झन्डै चौध प्रतिशत जनसंख्या भएको दलित समुदायको स्थानीय तहमा एक प्रतिशतभन्दा कम उपस्थिति छ। राजनीतिक दलहरूले दलित समुदायलाई कति बेवास्ता गरेका छन्, यसैबाट प्रस्ट हुन्छ। यस पटकको स्थानीय निर्वाचन नेपालका राजनीतिक दलहरूलाई अघिल्लो गल्ती सच्याउने र संविधानमा उल्लिखित व्यवस्थाको अक्षरशः पालना गराउने अवसर हो। स्थानीय निर्वाचन ऐन-२०७३ ले अनिवार्य गरेको दलित महिलाको आरक्षित सिटबाहेक वडा अध्यक्ष, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाका मेयर र उपमेयरमा समानुपातिक समावेशी सिद्धान्त अनुसार जनसंख्याका आधारमा दलित तथा सीमान्तकृत समुदायलाई टिकट दिने र जित्ने वातावरण बनाउन राजनीतिक दलहरूले जिम्मेवार र अर्थपूर्ण भूमिका खेल्नुपर्छ। नभए, खजुरा गाउँपालिकाकी उपाध्यक्ष एकमाया विकको अनुभव दोहोरिन्न भन्न सकिन्न। उनले भनेकी छन्, 'सबैभन्दा धेरै भोट ल्याउनेमध्ये म पनि एक हुँ। तर बिहानै कार्यालय जाँदा दलित महिलालाई नमस्कार गर्नुपर्छ भनेर मुन्टो बङ्ग्याउँदै परैबाट बाटो फेर्नेहरू पनि देखिन्छन्।' त्यसैले राजनीतिक दलहरूले संविधानले व्यवस्था गरे बमोजिम समानुपातिक प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न स्थानीय तहको निर्वाचनमा दलित नेतृत्व र सहभागिता सुनिश्चित गर्नुपर्छ। जातकै आधारमा विभेद गर्ने कसैलाई पनि टिकट दिनु हुँदैन। त्यस्तालाई दलीय तथा कानुनी कारबाही गर्नुपर्छ। अघिल्लो पटक निर्वाचित दलित जनप्रतिनिधिहरूको अनुभव र कामको समेत मूल्याङ्कन गर्दै ती माथिल्लो पदमा पुग्ने सुनिश्चितता गर्नुपर्छ। यस्तो तथ्याङ्क बदल्न राजनीतिक दलहरूले आसन्न स्थानीय निर्वाचनमा सचेत प्रयत्न गरून्, जसले गर्दा दलित तथा सीमान्तकृत समुदायलाई देश हाम्रो हो तर राज्य हाम्रो होइन भन्ने बाध्यात्मक अवस्था नआओस।

**साभार कान्तिपुर**

**२०७४ को निर्वाचनमा स्थानीय तहमा दलित प्रतिनिधित्वको अवस्था**

| पद | जम्मा | दलित | प्रतिशत |
|---|---|---|---|
| मेयर | २९३ | ६ | १.३ |
| उप-मेयर | २९३ | ११ | ३.८ |
| अध्यक्ष | ४६० | १ | ०.८६ |
| उपाध्यक्ष | ४६० | १६ | ३.५ |
| वडा अध्यक्ष | ६,७४३ | १९६ | २.९ |
| वडा सदस्य | १३,४८४ | ७९७ | ५.९१ |
| दलित हिला वडा सदस्य | ६,७४३ | ६,५६७ | ९७.४ |

*स्रोत : स्थानीय सरकार र दलित महिला २०७४ र निर्वाचन परिणाम पुस्तक २०७४ ।*

**सडक डिभिजन कार्यालय जस्पुर प्यूठानको सुचना**


१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

**विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।**

**अनुरोधक :**
**सडक डिभिजन कार्यालय**
**जस्पुर, प्यूठान ।**

# मुक्तक दोहोरी

V/S





## खेम मगर कान्छा

*नौबहिनी गाउँपालिका-८, फोप्ली प्यूठान, हाल मलेसिया*

(१) मुक्तक
अनेकौं प्रश्न आउँछन् झन् झन् के गर्नुपर्ला?
रोक्नलाई चलिरहेको धड्कन के गर्नुपर्ला?
आज दु:खित भएको छु समाजको कारण,
भनिदेउ न कोही खुशी पार्न मन के गर्नुपर्ला?

(२) मुक्तक
गर्नै सकिन्न थोरै अन्दाज समाधान कसरी खोज्ने?
बन्द गरिदिन्छन् आवाज समाधान कसरी खोज्ने?
मैले समस्या समाजमा हल हुन्छ रे सुनेको थिए,
तर मेरो समस्या नै समाज समाधान कसरी खोज्ने?

(३) मुक्तक
सबै जित्न चाहान्छन बरु हार्न चाहान्न।
समाजमा हुने भेदभाव सुधार्न चाहान्न।
धनी र गरिबको स्तर नमिलेकै कारण,
हाम्रो माया समाजले स्वीकार्न चाहान्न।

(४) मुक्तक
गर्न पनि नहुने अटेरी यहीं समाजमा बस्नु छ।
भोली गर्नै पर्छ पधैंरी यही समाजमा बस्नु छ।
आज यहीं समाजको कुरा लत्याएर हिड्दा,
आखिर भोली फेरी यहीं समाजमा बस्नु छ।

(५) मुक्तक
यति धेरै कसैसँग गरेर दुश्मनी बस्न सक्दिन।
फेरी छोडेर आफ्नै आगनी बस्न सक्दिन।
समाजले हाम्रो माया स्वीकार गरेन भन्दैमा,
एकाएक तिमी बाट छुटेर पनि बस्न सक्दिन।

(६) मुक्तक
पटक्कै गरेको छैन हतार यहीं चाहान्छु म।
अवश्य हुन्छ जित र हार यहीं चाहान्छु म।
तिमी र समाज दुबैलाई एकसाथ लिएर,
मन खुसी होस् बारम्बार यहीं चाहान्छु म।

(७) मुक्तक
मैले जे चाहान्छु पटक पटक बनाउन चाहान्छु।
मन सफा सोच सकारात्मक बनाउन चाहान्छु।
म संघर्ष गरेकै यसैमा हो माया सफल बनाएर,
हामी र समाज दुबै परिपुरक बनाउन चाहान्छु।

## लालीमाया थापा मगर

*नौबहिनी गाउँपालिका-२, लिघा प्यूठान*

(१) मुक्तक
लिनलाई अझै तिमीले ज्ञान खोज्नुपर्छ।
बिस्तारै गरी सबैमा चिनजान खोज्नुपर्छ।
मन दु:खि बनाई मृत्यु नै रोज्नु भन्दा पनि,
सकेसम्म समस्याको समाधान खोज्नुपर्छ।

(२) मुक्तक
नगरीकन रिस-राग थाहा पाउनुपर्छ।
लगाएर बराबर भाग थाहा पाउनुपर्छ।
कुनै दिन समाज कमजोर भएको बेला,
बिस्तारै लगाई दिमाग थाहा पाउनुपर्छ।

(३) मुक्तक
च्यातिएको सिउने सियो भए पुग्छ।
सधैं उज्यालो छर्ने दियो भए पुग्छ।
यो दुनियाँले जे भनेनि फरक पर्दैन,
मात्र हाम्रो सम्बन्ध बलियो भए पुग्छ।

(४) मुक्तक
सँगै बस्ने चाहा हुदाहुदै दुस्मनी किन लिन्छौ।
मनमा धेरै डाहा हुदाहुदै दुस्मनी किन लिन्छौ।
पधेरी जानुपर्छ मिलेर बस्नु पर्छ समाजमा नै,
यो सब थाहा हुदाहुदै दुस्मनी किन लिन्छौ।

(५) मुक्तक
एकदिन सबै आकर्षित हुनेछ हेर।
यो समाज नै बरु दुखित हुनेछ हेर।
हाम्रो सम्बन्ध मजबुत बनाउ झन्,
अवश्य हाम्रो प्रेमको जित हुनेछ हेर।

(६) मुक्तक
यस्तो राख्नु पर्छ सोच अनि सफल हुन्छ।
र पो समाज पनि तिम्रो साथ हरपल हुन्छ।
मलाई समाजमा मिलाई राख्न सक्यौ भने,
अनि मात्र हाम्रो सम्बन्ध झन् अब्बल हुन्छ।

(७) मुक्तक
एक अर्कामा परिपुरक हेर जरुर हुन्छ।
बस्नु त्यो पल तिमी सम्झेर जरुर हुन्छ।
तिमीले राम्रो समयसम्म गरेको संघर्ष,
अनि मात्र बल्ल जाँदैन खेर जरुर हुन्छ।

# मुक्तक



## विष्णु पौडेल

*पोखरा -६ बैदाम*

(१)मुक्तक
आएर समीप उनको तस्वीर छोएर गईन्।
देख्न पाउँदा खुसी भएँ भन्दै रोएर गईन्।
थिए होलान् अतीतका सम्झना हरु पनि,
त्यसैले त हल्का हल्का परेली धोएर गईन्।

(२) मुक्तक
बिर्सेर अतीतलाई वर्तमान सँग रम्न पाए हुन्थ्यो।
विगत जस्तो विपत्ति अब कहिल्यै नआए हुन्थ्यो।
दुनियालाई पीडा दिएर गएको दुस्मन विलीन भई,
आगामी पल सबैको मनमा खुशीयाली छाए हुन्थ्यो।

(३) मुक्तक
एक झल्को उनीलाई भेट्न पाए हुन्थ्यो।
मन् भित्रको भोक प्यास मेट्न पाए हुन्थ्यो।
पैसा सँग मन हैन तनसँग मन मिलाएर,
चोखो माया कलेजीमा रेट्न पाए हुन्थ्यो।

# मुक्तक



## प्रकाश समपर्ण मगर

*नौबहिनी गाउँपालिका-८ फोप्ली प्यूठान, हाल भारत*

(१)मुक्तक
घरमा नयाँ आगन्तुक आएपछी
बचनका तिखा वाणले रुवाएपछी
हिजो रुँदै भन्दै थिइन एउटी आमाले
छोरो पराइ भयो बुहारी पाएपछी ।

(२) मुक्तक
बोल्दिन म भन्दै सानु रिसाएर गयौ
रिसमा पनि थोरै माया मिसाएर गयौ
किन सानो कुरामा शंका गर्छौ लाटी
व्यर्थै मेरा नयनहरु चिसाएर गयौ ।

(३) मुक्तक
तिम्रो मेरो अन्तिम विदाई भेट हुनेछ त्यस दिन।
तिम्रो घरमा रङ्गीचङ्गी गेट हुनेछ त्यस दिन।
तिम्रो मिलन मेरो अन्त्य दोबाटोमा संगै हुँदा,
तिम्ले देख्छौ मैले देख्न लेट हुनेछ त्यस दिन।

# रोचक/प्रेरक प्रसङ्ग

## ४ करोडमा बिक्री हुँदै संसारकै सुनसान घर



संसारमा एउटा यस्तो घर छ, जसलाई सबैभन्दा सुनसान घर भनेर चिनिन्छ। अमेरिकाको वोहोआ बे स्थित Duck Ledges टापुमा एक्लै रहेको उक्त घर डेढ एकड क्षेत्रफलमा फैलिएको छ। बोल्डकोस्ट प्रोपर्टिजका एजेन्स बिल्ली मिलिकेनको स्वामित्वमा रहेको उक्त एक बेडरुमवाला घर बिक्रीमा राखिएको छ। सन् २००९ मा बनेको उक्त घर सानो भए पनि वास्तवमै आलिशान छ। घरभित्र सबै जसो सुविधा, बन्दोवस्ती र आवश्यकताका चिजहरू उपलब्ध छन्। घरका भित्ताहरू काठबाट बनेका छन्।

झ्यालढोकामा काठका खापाहरूले घरलाई झनै सुन्दर बनाएको छ। अनौठो त के भने समुद्रको बीच भागमा रहेको यो घरमा आँधीबेहेरीको कुनै डर छैन। तर एउटा समस्याचाहिं के भने यो घरभित्र बाथरुम छैन अनि रातको समयमा गिद्ध तथा समुद्री जीवहरूको आवाज आउँदछ। यो घरलाई एकान्त मन पराउने तथा अन्तर मुखी मानिसहरूका लागि वास्तवमै स्वर्ग मानिएको छ। बिक्रेताले यसको मूल्य करीब ४ करोड रुपैयाँ राखेका छन्।

एजेन्सीको सहयोगमा

## स्थानीय....

सुम्पने भन्ने बारे सोच्नुपर्दछ र यो महत्त्वपूर्ण समय पनि हो। अघि पछि समाजको लागि सिन्को नभाच्ने तर चुनावको बेला बकम्फुसे गफ लागाएर जनता झुक्याउने प्रवृत्ति बढ्दो छ यस्मा सबै सचेत हुनु आवस्यक छ। खासगरी अहिलेको स्थानीय चुनाव आफू बस्ने गाउँ ठाउँको नेतृत्व चयन गर्ने अवसर पनि भएको हुँदा आफ्नो समाजको बिकास र परिवर्तनको लागि असल र योग्य उम्मेदवार चयन गर्नुपर्दछ। यो बेला मतदाता आफैमा निर्णायक हुन्छन्। मतदाताले उम्मेदवार छान्दा स्थानीय तहमा भिजेको,लोकप्रिय,निष्पक्ष,सबैको आवज बोल्न सक्ने,सक्षम र योग्य उम्मेदवार छनौट गर्नुपर्ने हुन्छ। मंसिर हुने संसदीय चुनावमा पार्टी हेरे पनि यस पटक ब्याक्ती हेर्नु नै अति उत्तम हुन्छ किनकि सांसद भनेका सिङ्गो देशका प्रतिनिधि हुन भने अहिले बिजयी हुने मेयर,अध्यक्ष र सदस्यहरु भनेका हाम्रा दैनिकी सँग जोडीने प्रतिनिधि हुन। त्यसैले सबै मतदाता सचेत भई विवेकको प्रयोग गरि मतदान गरौं ,कसैको प्रलोभनमा नपरौं,हाम्रो होइन राम्रो र योग्य उम्मेदवार छनौट गरौं। अघि पछि सधैं सराप्ने तर चुनावमा आँखा चिम्लेर तिनीहरुलाई नै भोट हाल्ने गल्ती नगरौं। पार्टीमा आस्था राखौं तर ज्यादै अन्धभक्त र झोले पनि नबनौं। सबै सचेत बनौं सहि र योग्य उम्मेदवारलाई मतदान गरौं। बेलैमा विवेकको प्रयोग गरौं भविष्यमा पछुताउन नपरोस्। सबैको जय होस्।

## मत माग्न.....

गरिरहेको गठबन्धन तर्फका प्यूठान नगरपालिकाका मेयर पदका उम्मेदवार विष्णु योगीले जानकारी दिए। गठबन्धनको टोलीले प्यूठान नगरपालिका ४, १, ३, र २ नम्बर वडामा घरदैलो कार्यक्रम सकेको बताए। निर्वाचन आचारसंहितालाई पालना गर्दै प्रसारप्रसार अभियानलाई निरन्तरता दिएको उनले जानकारी दिए।

प्यूठान नगरपालिकामा नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस र राष्ट्रिय जनमोर्चा तालमेल गरेर निर्वाचनमा होमिएका छन्। यहाँ नेकपा एमाले एक्लै चुनाव लड्दै छ। प्यूठान नगरगरपालिका, माण्डवी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका, सरुमारानी गाउँपालिकामा सत्ता गठबन्धन केन्द्रको निर्णयलाई कार्यन्वयन गरेर निर्वाचनमा तालमेल गरेका छन्। अन्य स्थानीय तहमा कुनैमा एल्ला एक्लै कुनैमा दुई लदबिच चुनावी तालमेल छ।

प्यूठानमा झिमरुक गाउँपालिकामा भने नेकपा एमाले र माओबादी केन्द्रबिच तालमेल भएको छ। उम्मेदवारहरुले यो पटक विभिन्न अनलाइन, टिकटक, फेसबुक लगायत सामाजिक सञ्जाललाई पनि प्रयोग गरिरहेका छन। दलले टिकट नदिएर स्वतन्त्र उम्मेदवार दिएकाहरुले पनि घरदैलो गर्ने कार्यलाई तिव्रता दिएका छन्।

## ९ सय.....

७ जनाले प्रतिस्पर्धा गर्ने छन्। उपप्रमुख तथा उपाध्यक्षका लागि ९ स्थानीय तहमा २८ जनाको नामावली प्रकाशन गरिएको छ। ३१ जनाले मनोनयन दर्ता गराएको भएपनि तीन जनाले भने उम्मेदवारी फिर्ता लिएका थिए। ४५ जनाले प्रमुखमा उम्मेदवारी दर्ता गराएकोमा चार जनाले उम्मेदवारी फिर्ता गराएका थिए।

यस्तै १ सय ९८ जनाले ६४ वडाका लागि प्रतिस्पर्धा गर्दै छन्। २ सय २२ जनाले उम्मेदवारी दर्ता भएता पनि २५ जनाले आफ्नो उम्मेदवारी फिर्ता गराएको कार्यालयले जानकारी दिएको छ। प्यूठान नगरपालिकामा सबै पदका लागि १ सय ४८, स्वर्गद्वारी नगरपालिकामा १ सय ११, नौबहिनी गाउँपालिकामा १ सय १२, झिमरुक गाउँपालिकामा १ सय ९, गौमुखी गाउँपालिकामा १सय ३१, सरुमारानी गाउँपालिकामा ६७, ऐरावतीमा १ सय १, मल्लरानी ७५ र माण्डवी गाउँपालिकामा ६७ जनाको अन्तिम नामावली प्रकाशन गरिएको छ।

## सिमलाको....

फर्म खोल्न लगानी गरिरहेका छन्। हिमाल देखिने, उत्तर फर्केको, हिउदमा हिउपर्ने, मलिलो माटो भएको जमिन भएकाले स्याउ राम्रो फल्ने अनुमान जीसी परिवारले गरेका छन्। 'स्याउ लाई कटानी, छटानी, कलमे, मलजल गर्ने सबैकाम राम्रोसंग सिकेका छौं,' श्रीमती धनकुमारीले भनीन्, 'आफ्नै देशमा स्याउ फर्म खोल्ने योजना पूरा भएकोमा निकै खुसी छौं।' जीसी परिवारको लिस्ने टोड्केको बाख्रा तथा स्याउ खेति फर्मलाई मकवानपुर स्थित डामनको हिउँदे फलफूल स्रोत केन्द्रबाट बेर्ना लिएर स्याउ लगाएका छन्।

## माण्डवीले....

वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरिएको माण्डवी गाउपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख तुल्सी कार्कीले जानकारी दिइन। शैक्षिक पात्रो सबै विद्यालयहरूमा प्रयोग गरी शैक्षणिक गतिविधीलाई नियमित र नियन्त्रित गर्न सकेमा विद्यमान शैक्षिक क्षति, विकृति र विसंगतिलाई न्यूनिकरण गर्न अहम भूमिका खेल्ने माण्डवी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत शिशिर रिजालले बताए। उक्त क्यालेण्डर निर्माण गर्दा ७ सद्स्यीय शैक्षिक क्यालेण्डर निर्माण समिति गठन गरि आवश्यक खर्चको विनियोजन माण्डवी गाउँपालिकाले गरेको थियो। यसको सिको अन्य स्थानीय तहरुले पनि गरौं।

JHULENI United Network Pvt.Ltd.
झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित
www.jhulenipost.com
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशन तथा प्रकाशनका लागि हामिलाई सम्पर्क ०८६-५९०४३६
झुलेनी पोष्ट साप्ताहिक
रेडियो झुलेनी १०४.७ मेगाहर्ज

# बोली अड्कीने व्यक्तिहरुलाई उपचार संबन्धी दुइ दिने तालिम

झुलेनी पोष्ट
प्यूठान

भकभके बोलि भएका (बोली अड्कीने) जिल्लाका व्यक्तिहरुलाई भकभके रोकथाम तथा उपचार सम्बन्धी दुइ दिने तालिम सम्पन्न भएको छ । महिला बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालयको सहयोग र नेपाल भकभके संघको आयोजना र प्यूठान शाखाको समन्वयमा उद्योग वाणिज्य संघको सभाहलमा कार्यक्रम शुक्रबार सम्पन्न भएको हो । जिल्लाका २५ जना सहभागि रहेको तालिमको प्रशिक्षक नेपाल भकभके संघका केन्द्रीय कोषध्यक्ष शंकर प्रसाद गौतम रहेको अपाङ्ग सेवा संघ प्यूठानका अध्यक्ष जुमान सिहं केसीले बताए ।

बोलीमा समस्या भएका व्यक्तिहरुलाई यो तालिमले बोल्नमा धेरै सहजता दिएको तालिममा सहभागिहरुले बताएका छन । यो समस्या वंशाणुगत गुण र हतारिएर बोल्दा बोलि अड्किने समस्या हुने गरेको तालिमका प्रशिक्षक गौतमले बताए । बोल्दा अड्कीने व्यक्तिहरुले दैनिक १५ मिनेट सम्म लामो स्वास लिने र विस्तारै बोल्ने गर्दा समस्याको हल हुने गौतमको भनाइ छ ।

विद्यायमा बालवालिकाहरुमा यस्ता समस्याहरु हुने हुंदा शिक्षकहरु मार्फत विद्यार्थीमा सिकाई होस भनि शिक्षकहरुलाई समेत तालिममा सहभागि गराईएको थियो । तालिममा सहभागि महेन्द्र नमुना मा वि खलंगाका शिक्षक बसन्तलाल साक्यले वाक आपाङ्गता सम्बन्धी प्यूठानमा पहिलो तालिम र व्यवहारीक रहेको बताए । यस्ता तालिमहरु जिल्लाका सबै विद्यालयहरुमा संचालन गर्दा प्रभावकारी हुने साक्यको भनाई छ ।




# उपचाररत बालकलाई सहयोग

बोम बहादुर परियार
झुलेनी पोष्ट

सिद्धार्थ सामाजिक विकास केन्द्र वाणगंगा ४ कपिलवस्तुले प्यूठान अस्पतालमा उपचाररत एक बालकलाई आर्थिक सहयोग गरेको छ । बाल संरक्षण र मनोसामाजिकको क्षेत्रमा काम गर्दै आएको उक्त संस्थाले प्यूठान माण्डवीका ६ वर्षिय बालक संजित मिजारलाई सहयोग गरेको छ । शुक्रबार अस्पतालमै पुगेर ५ हजार नगद उपचार र पोषण खर्चका लागि उपलब्ध गराएको मनोसामाजिक कर्ता जया पोखेलले बताइन । हिंसामा परेका १८ वर्ष भन्दा मुनिका बालबलिकालाई उक्त संस्थाले संरक्षण र सहयोग गर्दै आईरहेको पोखेलले बताइन ।

संस्थाले बालबालिकाको क्षेत्रमा सहयोगसँगै महत्वपूर्ण काम गरेको भन्दै अस्पतालका निमित्त प्रमुख खिम प्रसाद पार्धेले धन्यवाद समेत दिएका छन । स्वास्थ्य कार्यालय प्यूठान (किड्स नेपाल) को पहलमा संजितलाई गत बुधबार प्यूठान अस्पताल ल्याइएको थियो ।

प्यूठान अस्पतालका बालरोग विषेशज्ञ डा. सौरभ श्रेष्ठका अनुसार बालकलाई कुपोषिण र छातीमा संक्रमण भएको छ । बालकलाई केहिदिन अस्पतालमै भर्ना गरि उपचार गर्नुपर्ने भएको श्रेष्ठले बताए । बालककी आमाले पैसा नभएका कारण अस्पतालमा बस्न मानेकी थिइनन् । उनको आर्थिक अवस्था कमजोर भएका कारण निःशुल्क उपचार गरिएको थियो । बालकको स्वास्थ्य अवस्थामा सुधार हुदै गएको डा. श्रेष्ठले बताए । पौष्टिक आहारको कमि र खानपानको समस्याले कुपोषित भएको श्रेष्ठको भनाई छ । सिद्धार्थ सामाजिक विकास केन्द्रले बालकलाई आर्थिक रकम उपलब्ध गराएकोमा बालककी आमा हर्षित छिन ।


# नगरपालिकाबासीलाई अनुरोध

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भिंगृ प्यूठान


# छोटकरी

## देशको अग्रगामी परिवर्तनमा सहिदहरुको भुमिका उल्लेख्य रहने जिसीको भनाई

झुलेनी पोष्ट
प्यूठान

प्यूठानमा मित्रमणी आचार्यको स्मृति दिवस मनाइएको छ । अखिल छैठौ प्यूठानले स्मृति दिवसको अवसरमा प्यूठान बिजुवारमा रहेको शालिकलाई माल्यार्पण गर्दै दिवस मनाएको हो । मित्रमणी आचार्यले बोकेको विचार आम श्रमजिवी वर्गको पक्षमा रहेको बताउदै छैठौका महासचिव सुवास जिसीले आचार्यले बोकेको विचारलाई मर्न नदिन द्धढता पूर्वक लागि पर्ने प्रतिवद्धता व्यक्त गरे । देशको अग्रगामी परिवर्तनमा आचार्यको भुमिका महत्वपुर्ण रहेको बताउदै परिवर्तनकारी शक्तिका लागि मित्रमणी जस्ता महान सहिदहरुको वलिदानीले शक्ति र प्रेरणा दिइरहने धारणा बताए ।

अखिल छैठौले आयोजना गरेको स्मृती शभामा सहभागीले आचार्यले कम्यूनिष्ट विद्यार्थी आनदोलनमा दिएको योगदानको विषयमा समेत चर्चा गरेका थिए । २०१९ सालमा प्यूठानको रम्दी तिम्रामा जन्मेका आचार्य २०४२ साल वैशाख १८ गते चितवनको मेघौली पर्साढापमा अभिभावक भेलामा जाने क्रममा विचमै हतियारधारी समुहले हत्या गरेको थियो ।

## प्यूठानमा महिला प्रमुखको नेतृत्व शुन्य किन भयो ?

गिता गौतम
झुलेनी पोष्ट,प्यूठान

हाम्रो प्यूठान पनि पुरुष प्रधान देशकै एउटा सानो भाग हो । लेख्ने, भन्ने, सुन्ने हो भने, कुरा धैरै लामो छ । तर तपाईलाई म एउटा महिलाले लेखेको कुरा पढ्नलाई झन्झट नलागओस भनेर छोटकरीमै टुङ्ग्याउने प्रयास गरेको छु । के तपाई मानव हो ? के तपाईमा दया छ ? के तपाईले कहिले आफुलाई एउटा नारीको ठाउँमा राखेर हेर्नु भयो ? कहिले त्यो ठाउँमा राखेर हेर्न सक्नुहुन्छ ? अह सक्नुहुन्न किनकी तपाई पुरुष हो । म तपाईलाई चिन्छु । तर तपाईले मलाई चिन्हलाई अर्को जन्ममा छोरीको जन्म लिएर जन्मनुपर्छ । अब तपाइले यती पढ्दा पढ्दै मलाई भन्नुहुन्छ यो आईमाई के सारो साईको ?

## ऐरावतीका एमाले नेता गुरुङ्ग पार्टीबाट निष्कासित

झुलेनी पोष्ट
प्यूठान

पार्टी निर्णयविरुद्ध गतिविधी गर्ने र स्वतन्त्र तथा वागि उम्मेद्वारी दिने ६ जनालाई नेकपा एमालेले कारवाहि गरेको छ । नेकपा (एमाले) लुम्बिनी प्रदेश कमिटीको तर्फबाट अध्यक्ष राधाकृष्ण कडेलले विज्ञप्ती जारी गर्दै पार्टीको सदस्य समेत नरहने गरि पार्टीका सबै जिम्मेवारीबाट निष्कासन गरिएको जानकारी दिएका छन् । प्यूठानका टिकाबहादुर गुरुङ्, कपिलवस्तुका कुमार मधु बेल्वासे, पाल्पाका रामबहादुर रावल र दिनेश वराल, कपिलवस्तुका सञ्जय गुप्ता र बाबुलाल यादव पार्टीको सदस्य समेत नरहने गरि पार्टीका सबै जिम्मेवारीवाट निष्कासित भएका हुन् ।

## ढुङ्गाले हानेर बाबुको हत्या

झुलेनी पोष्ट
प्यूठान

प्यूठानमा ८३ वर्षिय एक वृद्धको ढुङ्गाले हानेर हत्या भएको छ । जिल्लाको नौबहिनी गाउँपालिका ४ खवाङका जंग बहादुर सुनारको हत्या भएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ ।

सुनारको आफ्नै ३० वर्षिय छोरा तुल बहादुर सुनारले शुक्रबार दिउसो ढुङ्गाले हानेर हत्या गरिएको भन्ने आशंका स्थानिय र प्रहरीले अनुमान गरेका छन । तुल बहादुरले मदिरा सेवन गरी बाबुको हत्या गरे को हुन सक्ने प्रहरीले जनाएको छ । हत्या आरोपित छोरालाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भैरहेको जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी निरिक्षक लाल बहादुर विकले जानकारी दिनुभयो । मृतकको शव हिजो नै पोष्टमार्टमको लागी प्यूठान अस्पतालमा ल्याइएको थियो ।

## चुनाव प्रचारमा हिडेका व्यक्तिको भिरबाट लडेर मृत्यु

झुलेनी पोष्ट
प्यूठान

प्यूठानमा चुनावी प्रचारमा हिडेका एक व्यक्तिको भिरबाट लडेर मृत्यु भएको छ । जिल्लाको नौबहिनी गाउँपालिका- २ लिघा सारिवांग निवासी ५६ वर्षीय धनबहादुर थापाको भीरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ । प्रहरीका अनुसार चुनाव प्रचार गरेर घर फर्किदैं गर्दा लिघा स्थित फाउने पोखरी नजिकैको भीरबाट लडेर उनको गएराती मृत्यु भएको हो ।

## लायन्स क्लव अफ प्यूठानको अध्यक्षमा मिन बहादुर कुँवर

सुजाता थापा क्षेत्री
झुलेनी पोष्ट

लायन्स क्लब अफ प्युठानको अध्यक्षमा मीन बहादुर कुँवर चयन भएका छन । आइतबार प्युठानको जुम्री स्थित होटेल आयुस्मामा बसेको क्लवको बैठकले कुँवरलाई चयन गरेको हो । उनलाई २०२२ देखि २०२३ सम्म १ वर्ष कार्यकालको लागि अध्यक्ष पदमा चयन गरिएको हो ।

त्यस्तै क्लवको प्रथम उपाध्यक्षमा ढुंडीराज गौतम, द्वितिय उपाध्यक्ष झवेन्द्र शर्मा, तृतिय उपाध्यक्षमा अला रिजाल, सचिव नविन कुमार श्रेष्ठ र कोषाध्यक्ष अरुण कुमार श्रेष्ठ चयन भएका छन । त्यस्तै समीतीले कुवरको नेतृत्वमा २३ कार्यसमिति गठन गरेको छ ।

# यी हुन् बच्चालाई चाहिने पौष्टिक तत्व



आजकाल वयस्कमा देखिने रोग पनि साना बालबालिकामा पनि देखिन थालेको छ। सानै उमेरमा मधुमेहजस्ता रोगबाट बालबालिका पीडित हुन थालेका छन् । यसको प्रमुख कारण हो, बालबालिकाको खानपान र जीवनशैलीमा आएको परिवर्तन । आजकाल बच्चाहरु पौष्टिक खानाको साटो जंकफुड बढी खान्छन्, जसबाट नयाँ-नयाँ स्वास्थ्य समस्या देखिन थालेका छन् । त्यसैले उनीहरुलाई सन्तुलित आहार आवश्यक हुन्छ । यसैबाट बच्चाको विकास निर्भर हुन्छ। अधिकांश बच्चा खाना खान आनाकानी गर्छन् । यस्तो अवस्थामा उनीहरुलाई मनपर्ने खाना र पौष्टिकताको सन्तुलन जरुरी हुन्छ ।

**थाहा पाउनुस् बच्चाका लागि जरूरी पौष्टिक तत्व**:

**क्यालोरी**: ५ वर्षभन्दा बढी उमेरका बालबालिकाका लागि पूर्ण क्यालोरी आवश्यक हुन्छ, जसबाट उनीहरु बढीभन्दा बढी सक्रिय रहन सकुन्। हाई क्यालोरीको अर्थ फ्राइ गरेको खाना भने होइन । बरु उनीहरुलाई दुध र अनाजयुक्त खाद्यपदार्थ दिनुपर्छ।

**प्रोटिन**: बद्दो उमेरका बालबालिकालाई प्रोटिन आवश्यक हुन्छ । बच्चाको मांसपेशीको सही विकास र हड्डी मजबुत बनाउन प्रोटिन चाहिन्छ । यसका लागि पनीरयुक्त खाद्यपदार्थ, अण्डा, मासु, माछा इत्यादि दिनुपर्छ ।

**भिटामिन र खनिज**: बच्चाको सम्पूर्ण विकासका लागि भिटामिन र खनिज तत्व भरपुर दिनुपर्छ। उनीहरुलाई क्याल्सियमयुक्त पौष्टिक पदार्थ दिनुपर्छ। भिटामिन र आइरनका लागि बच्चालाई अधिकमात्रामा हरियो सागसब्जी दिनुपर्छ ।

**फल**: फलमा भिटामिन, आइरन र अन्य पौष्टिक तत्व पाइन्छ। बालबालिकालाई बढीभन्दा बढी फलको जुस तथा मौसमी फलको सेवन गराउनुपर्छ । अंगुर, स्याउ, सुन्तलाजस्ता फल खुवाउन सकिन्छ ।

**पानी र फाइबर**: बच्चाको स्वास्थ्यका लागि पानीको धेरै महत्व छ । पानीका अलावा सुपजस्ता तरलपदार्थको सेवन गराउनुपर्छ । यसका साथै फाइबरयुक्त पदार्थ दिनाले बच्चामा पानीको कमी हुन पाउँदैंन ।

**बच्चालाई सन्तुलित आहारा दिने टिप्स**

-बच्चालाई सन्तुलित आहार दिनका लागि दैनिक उनीहरुको रुचीको पौष्टिक खाद्यपदार्थ दिनुपर्छ।

-जबर्जस्ती नभई मायाले सम्झाएर खुवाउनुपर्छ ।

-खानालाई सकेसम्म आकर्षक बनाउनुपर्छ । जस्तो सलाद, काँचो फल, सागसब्जी काटेर आकर्षक बनाउन सकिन्छ ।

-बच्चालाई बाहिर खेल्ने स्वीकृति दिनुपर्छ, ताकि बढी भोक लागेर खान सकोस् ।

-सकेसम्म जंकफुडबाट टाढै राख्नुहोस् ।

**स्वास्थ्य खबर**

# उच्च रक्तचापका बिरामीले दही खान मिल्छ ?

व्यस्त जीवनशैली, मानसिक तनाव र कम शारीरिक गतिविधिका कारण पछिल्लो समय उच्च रक्तचापका बिरामी बढिरहेका छन् । उच्च रक्तचापका कारण मस्तिष्कघात, प्यारालाइसिस र निद्रा नलाग्ने जस्ता समस्या आउन सक्छन् । यसकै कारण हृदयघात समेत हुनसक्छ ।

यसको समस्याबाट बच्न विभिन्न उपाय अपनाउनुपर्ने चिकित्सकहरु बताउँछन् । उच्च रक्तचापको समस्या कम गर्न खानेकुरामा पनि ध्यान दिनुपर्छ । धेरैजसो उच्च रक्तचापका बिरामी दही खान रुचाउँदैनन् । दहीले रक्तचापलाई अझ बढाउने उनीहरुमा भ्रम देखिन्छ । तर चिकित्सकहरु भने दहीले उच्च रक्तचापका बिरामीका लागि दही फाइदाजनक रहेको बताउँछन् । दहीमा क्याल्सियम, आइरन, पोटासियम, भिटामिन बी र म्याग्नेसियम जस्ता पोषक तत्व पाइने भएकाले उच्च रक्तचाप नियन्त्रण गर्न यसले मद्दत गर्ने उनीहरुको भनाइ छ । दहीमा पाइने म्याग्नेसियमलाई पनि स्वास्थ्यका दृष्टिकोणले फाइदाजनक मानिन्छ । यसमा पाइने क्याल्सियमले मांसपेशीको बलियो बनाउँछ भने हड्डीसम्बन्धी समस्यालाई कम गर्न सहयोग गर्छ । यसको प्रयोगले मुटुसँग सम्बन्धित समस्यालाई पनि फाइदा गर्छ । दहीको प्रोबायोटिक गुण स्वास्थ्यका लागि फाइदाजनक हुन्छ । यसले पाचन प्रणालीमा सुधार ल्याउनुका साथै रोग प्रतिरोधात्मक क्षमता बढाउने काम गर्छ । यसको सेवनले ताजापनको पनि महसुस हुन्छ । दहीलाई प्रोट्रिनले भरिपूर्ण खाद्य पदार्थका रुपमा लिइन्छ । यसले आन्द्रालाई पनि स्वस्थ राख्न सहयोग पुर्‍याउँछ । महीले पनि उच्च रक्तचापको समस्यालाई नियन्त्रण तथा कम गर्न सहयोग गर्छ ।

**दही यसकारण फाइदाजनक**

दही सेवनले पाचन प्रणालीलाई फाइदा पुर्‍याउँछ । पेट खराब हुँदा दही खाए निको हुन्छ। दहीलाई सन्तुलित स्वास्थ्यका लागि महत्वपूर्ण मानिन्छ । यसको सेवनले शान्त बनाउने काम गर्छ भने तौल नियन्त्रणमा पनि सहयोग पुर्‍याउँछ । दहीलाई छालाको लागि पनि महत्वपूर्ण मानिन्छ । दहीलाई रातमा नभई सकेसम्म दिउँसो सेवन गर्नुपर्छ । राति दही खाँदा रुघाखोकी लाग्न सक्छ । साससम्बन्धी समस्या भएका बिरामीले भने राति कहिल्यै पनि दही सेवन गर्नुहुँदैन । तर फ्याट भएको दहीले भने मुटुमा केही असर पार्न सक्ने मुटुरोग विशेषज्ञ डा. हरिहर दाहाल बताउँछन् । यद्यपि यसमा विस्तृत अध्ययन हुन बाँकी नै रहेको उनको भनाइ छ । समग्रमा दही स्वास्थ्यका दृष्टिकोणले फाइदाजनक रहेको र माइग्रेन तथा ग्यास्टिकको समस्या भएका व्यक्तिले सेवन गर्न नहुने उनी बताउँछन् ।

‘दहीले माइग्रेन र ग्यास्टिकको समस्या भएकालाई हानि गर्छ, तर मुटुमा भने यही नै असर गर्छ भनेर भन्न सकिंदैन,’ डा. खनाल भन्छन्, ‘फ्याट नभएको दहीले स्वास्थ्यलाई फाइदा पुर्‍याउँछ । दहीले पाचन प्रणालीलाई मजबुत बनाउनुका साथै गर्मीमा पनि लाभदायक हुन्छ ।’

# –आमा–



**डा. दिपेन्द्र जंग शाही**

*ईमर्जेन्सी भरिभराउ छ । बेड नं १ ले आखाँ नखोलेको र बेड नं ६ ले आखाँ बन्द नगरेको ठिक २ दिन भयो, दुवैमा भिन्नता थुप्रै होलान तर मेरा लागि समान, मेरा प्रिय बिरामी आमाहरु, मलाई बन्द आखाँ भन्दा अनिदा आखाँले बढि सताँउछ । मोर्फिन भन्ने दुखाई कम गर्ने औषधि बढाउदै जान्छु बिस्तारै आमाको दुखाई कम हुन्छ अनि आँखा बन्द गर्नु अघि तिमि त कस्तो मेरो छोरा जस्तै छौं, तिम्री आमा त कति भाग्यमानि जस्ले दुख पिडा कम गर्ने छोरा (सन्तान) पाईन, ओहो यो बचनले भने मन मस्तिष्कमा भुकम्प ल्याईदियो । अब मेरो पालो आँखा बन्द नगर्ने तिर हुन्छ । यि आमाले भने झैं मैले मेरी आमा (मुमा) को दुख कम गरेको छु र ? के मेरी आमालाई यसै गरि मिठो निन्द्रा परेको छ ? के डाक्टर सन्तानकी आमा भाग्यमानी हुन ? यसको उत्तर व्यक्ति विशेषमा फरक-फरक आउछ, यहाँ म मेरो कथा सुनाँउछु । सानो हुदाँ चक्लेट किन्न पैसा मागिरहन्थे, जिद्धि गरिरहन्थे, कहिले चक्लेट पाए त कहिले चप्पल । तैपनि मेरो जिद्धिपन र आमाको मायामा कमि कहिल्यै भएन । म गुलियो भने पछि मरिहत्ते गर्ने मान्छे । त्यसैले आमालाई गुलियो खान दिँउ भन्छु, खान पटक्कै मान्नु हुन्न् । सुगर छ आमा लाई। आखिर न मैले गुलियो खान पाए न मेरि आमाले गुलियो खान पाईरहनु भएको छ, हामि दुवै दु:खी ।*

*म दिनभर डुलिरहने आमालाई छोरा बिरामी होला भन्ने पिर । आजभोलि आमा डुल्नु हुन्न । मलाई आमा बिरामी हुनु होला भन्ने पिर। सानोमा स्कुल गएन घरमै बस्यो भन्ने पिर, आज भोलि कामले घर पनि आउदैन भन्ने पिर । पिरै पिर मेरि आमालाई ।खै त मेरी आमा खुशी! बेड नं ६ कि आमालाई पो मोर्फिनले पेट दुखाई कम भयो, मेरी आमाको पिरलाई म के दिऊँ ? कहिलेकाहिँ बिदामा घर जान्छु । आउने बेला ढोकामा अभिएर आमा अब कहिले घर आउँछस् ? बाटो हेरिरहन्छु भन्नु हुन्छ । मन भक्कानिएर आँउछ । म कसरी भनु ? आमा म गईन भने अरु छोराछोरीका ढोका कुर्ने आमा घर जादिनन भनेर । म सरासर हिड्छु फर्केर हेर्न सक्दिन । आँखामा टिलपिल आसुँ छन् । फर्केर हेरे भने म घरबाट फर्किदिन र यि आमा घर जादिनन् । आखिर भाग्यमानि को त ? अस्पतालमा घर फर्कने आशा बोकेर मेरो विश्वासमा आउने आमा कि, घरमा बिरामी हुदाँ पनि डाक्टर छोराबाट उपचार नपाउने मेरि आमा ? अनि जिम्मेवारीले बाधिएको डाक्टर छोरो म ।*

डा. शाही प्यूठान अस्पतालमा कार्यरत हुनुहुन्छ।


## लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं

“घरैबाट सुरु गरौ, महिला हिंसा अन्त्य गरौं ।” भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## तरकारीका लागि सिफारिस गरिएको बोडी मालेपाटन १ र गाजले

# बोडी लगाउने उपयुक्त समय कहिले हो ?

बोडी एक प्रकारको गेडागुडी हो, जसलाई तरकारी अथवा दालको रूपमा खाइन्छ। हरियो कोसा तरकारीको रुपमा साथै सलादको रुपमा समेत प्रयोग गरिन्छ। यसमा प्रोटिन र भिटामिन प्रशस्त मात्रामा पाइन्छ भने यसको खेतीले माटोको उर्वराशक्ति बढाउँछ। बोडी लगाउने समय बाली चक्र अनुसार केहि फरक पर्दछ। धानखेत बाली प्रणालीमा गहुं काटेपछि बोडी लगाउन सकिन्छ र यो समय चैत्र देखि बैशाख महिना तिर पर्दछ। यस बाहेक बारीमा मकै भाँचेपछि वा मकैसँगै घुसुवा बालीको रुपमा बोडी लगाउन सकिन्छ। यो श्रावणको अन्तिम हप्ता देखि भाद्रको दोस्रो हप्तामा भित्र पर्दछ ।नेपाली कृषकहरुका लागि बोडीका पांच जातहरु जस्तैः आकाश, प्रकाश, सूर्य र मालेपाटन १ तथा गाजले बोडी सिफारिस भएका छन्।



१. बोडी कस्तो हावापानीमा हुने बाली हो ?

-यो गर्मी हावापानीमा हुने बाली हो। तराई, भित्री मधेश तथा वेशीमा यसको खेती गर्न सकिन्छ।

२. नेपालमा बोडी बालीको उपयोग कसरी गरिन्छ ?

-बोडीलाई दाल तथा तरकारी दुबै रुपमा प्रयोग गर्न सकिन्छ । यस बाहेक पशु आहारा र हरियो मलको रुपमा पनि प्रचलित छ। मटो संरक्षणको लागि पनि यो बाली लगाईन्छ।

३. बोडी लगाउने उपयुक्त समय कहिले हो ?

-बोडी लगाउने समय बालीचक्र अनुसार केहि फरक पर्दछ। धानखेत बाली प्रणालीमा गहुं काटेपछि बोडी लगाउन सकिन्छ र यो समय चैत्र देखि बैशाख महिना तिर हो । यस बाहेक बारी जमिनमा मकै भांचेपछि वा मकैसंगै घुसुवा बालीको रुपमा बोडी लगाउन सकिन्छ । यो श्रावणको अन्तिम हप्ता देखि भाद्रको दोस्रो हप्तामा भित्र पर्दछ ।

४. तरकारीका लागि सिफरिस जातहरु कुन कुन हुन ?

-मालेपाटन १ र गाजले बोडी तरकारीका लागि सिफारिस भएका छन्।

५. नेपालमा सिफारिस भएका बोडीका जातहरु के के हुन् ?

-नेपाली कृषकहरुका लागि बोडीका पांच जातहरु जस्तैः आकाश, प्रकाश, सूर्य र मालेपाटन १ तथा गाजले बोडी सिफारिस भएका छन। यस बाहेक डबल हार्भेष्ट भन्ने अर्को एक जात पंजिकरण मात्र गरिएको छ। यस मध्ये मालेपाटन १ र डबल हार्भेष्ट भन्ने जातहरु तराई तथा मध्य पहाडको बोडी लाग्ने ठांउहरुका लागि उपयुक्त पाईएको छ भने अन्य सबै जातहरु तराई तथा भित्रि मधेश क्षेत्रका लागि मात्र उपयुक्त छन्। सूर्य भन्ने जात मध्य र पश्चिम तराईका लागि सिफारिस भएको छ।

६. नेपालमा बोडी खेती कुन बाली प्रणालीमा उपयुक्त पाईएको छ ?

-मध्य पहाड/तराई

धान खेतः धान-गहु-बोडी

बारी जमिनः मकै-बोडी-मुसुरो/गहुं

मकैं+बोडी-मुसुरो/गहुं/आलु/तरकारी

७. कस्तो माटोमा बोडी खेती गर्न सकिन्छ ?

-सबै किसिमको माटोमा बोडी खेती लगाउने गरिएता पनि दोमट था हल्का चिम्ट्याईलो माटो यसका लागि उत्तम मानिन्छ।

८. कोशेबाली खेती प्रणालीमा मौसम परिवर्तनलाई सामना गर्ने के प्रविधि विकास भएको छ ?

-कोशबाली खेती प्रणालीले मौसम परिवर्तनका प्रभावहरुलाई सामना गर्न निम्न योगदान गर्दछ।

-कोशेबाली धेरैजसो खाद्यान्न बालीसंग मिश्रित वा घुसवा बालीको रुपमा लगाउने प्रचलन भएकाले चिस्यान संचितिकरण तापक्रम संतुलन गर्नमा योगदान पुर्याउदछ।

-माटोमा जैविक क्रियाकलाप र कार्वन तथा नाईट्रोजन संरक्षण गरी माटो संरक्षणमा योगदान गर्ने।

९. बोडीमा बाली काट्ने र चुट्ने तथा थन्क्याउदा ध्यान दिनु पर्ने कुराहरु के के हुन् ?

-जात अनुसार बोडीको कोसा कलिलो हुंदै तरकारीको रुपमा प्रयोग गर्न ४५-९० दिनसम्म टिप्न सकिन्छ । दानाको लागि ९०-१२५ दिन सम्म कोसा पाकेपछि टिप्नु पर्दछ र सुकाई चुटेर दाना निकाल्नु पर्दछ । दानालाई फेरी घाममा सुकाई थन्क्याउनु पर्दछ।

-हरियो मलको रुपमा प्रयोग गर्नु परेमा आवश्यकता अनुसार हरियो अवस्थामा रोपेको ४०-४५ दिनमा काटेर माटोमुनि पार्नु पर्दछ।

१०. बोडीमा लाग्ने मुख्य मुख्य कीराहरु कुन कुन हुन् ?

-बोडीमा पनि भटमासमा जस्तै भुसिल कीरा, गवारो तथा एफिड, सेतो झिङ्गा तथा पात खाने कीराहरु लाग्दछन् । माथि भटमासमा भने जस्तै व्यवस्थापनका उपायहरु अपनाउनु पर्दछ।

११. बोडीमा लाग्ने खराने रोगको लक्षण कस्तो हुन्छ रु र कसरी व्यवस्थापन गर्ने ?

-पातमा सेतो खरानी रंगको धुलो देखिन्छ र पछि डांठ तथा सबै भागमा सर्दछ। पातहरु साना भएर जान्छन्।

**ब्यवस्थापनका उपायहरुः**

-रोगी बोट तथा अन्य भागहरु संकलन गरी जलाउने।

-सल्फर युक्त ढुसिनाशक औषधी इलोसल वा हेक्जसल प्रति हेक्टर २.३ के.जी. ८००-१००० लिटर पानीमा मिसाई छर्ने।

१२. ब्याक्टेरियल डढुवा रोगको लक्षण कस्तो हुन्छ र कसरी ब्यवस्थापन गर्ने ?

-शुरुमा पुराना पातको किनारामा मरेको दाग देखिन्छ । साथै सबै नयां पातहरु र मुन्टो मर्दछ। पछि डांठ पनि सुक्दछ र बोट मरेर जान्छ।

**ब्यवस्थापनका उपायहरुः**

-रोग नलागेको स्वास्थ्यकर वीउ प्रयोग गर्ने ।

-रोग नलाग्ने जात छनौट गरी लगाउने।

-धेरै रोग लागेमा फाइटोलन भन्ने दवाई ०.२५ को झोल बनाई स्प्रे गर्ने।

१३. बोडीमा लाग्ने पहेंलो छिरविरे रोगको लक्षण कस्तो हुन्छ र कसरी ब्यवस्थापन गर्ने ?

-यो रोग एफिडबाट सर्ने भाइरसबाट लाग्दछ । रोगी बोटको पात पहेंलिन्छ, गुजमुज्ज देखिन्छ र आकार पनि सानो हुन्छ। कोसा पनि बांङ्गीएको र सानो हुन्छ।

**ब्यवस्थापनका उपायहरुः**

-रोग नलागको बोटबाट स्वस्थ्य वीउ छनौट गर्ने।

-रोगी विरुवाहरुलाई संकलन गरी जलाउने।

-घुम्ती बाली प्रणाली (तीन वर्षसम्म यो बाली नलगाउने) अपनाउने।

-एफिड कीरा नियन्त्रणका लागि मेटासिस्टोक्स १ लिटर १००० लिटर पानीमा मिसाई (डेढ विगाहा/२० रोपनीका लागि) १० दिनको फरकमा २-३ पटक छर्ने।

१४. बोडीमा लाग्ने मुख्य मुख्य रोगहरु के हुन् ?

-बोडीमा मुख्यतया पहेंलो छिरविरे, ब्याक्टेरियल डढुवा र खराने रोग प्रमुख हुन् ।

१५. बोडीमा गोडमेल कहिले गर्नु पर्दछ र झार नाशक विषादी कति प्रयोग गर्नु पर्दछ ?

-भटमासमा अपनाएकै प्रविधि यो खेतीका लागि पनि अपनाउन सकिन्छ।

१६. बोडीमा मलखाद परिमाण के कति दिन पर्दछ ?

-बोडीमा मलखादको प्रयोग भटमास बालीको जस्तै हो । मकैसंग लगाउंदा यसका लागि छुट्टै मलखाद गर्नु पर्दैन । तर एक्लो बालीका रुपमा लगाउंदा कम्पोष्ट एवं रसायनिक मल दुबै प्रयोग गर्नु पर्दछ। जमिन तयारी गर्दा गोबर । कम्पोष्टमल करीब ८-१० क्विन्टल प्रति रोपनी (डेढ कट्टा) का दरले प्रयोग गर्नु पर्दछ । यस बाहेक प्रति रोपनी ४१० ग्राम यूरिया, ४.५ के.जी., डि.ए.पी. र १.६६ के.जी. पोटास मल पनि जमिन तयारीकै बेला दिनु पर्दछ।

१७. बोडी खेतीमा वीउको परिमाण र हारको दुरी कति हुनु पर्दछ ?

-वीउको परिमाण ३ के.जी. प्रति रोपनी वा २ के..जी प्रति कट्टा हुनु पर्दछ र हार देखि हारको दुरी ४०-५० से.मी. हुनु पर्दछ र बोट बीचको दुरी १० से.मी. राख्नु पर्दछ।

"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

**सम्पूर्ण नगरबासीमा प्यूठान नगरपालिकाको अपिल**

**फोहोर व्यवस्थापन सन्देश** :

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुनः प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाउँ ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कल्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५००, दोश्रो पटक भए रु.१००० र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३००० जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

अनुरोधक :
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, विजुवार, प्यूठान

**कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस**

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान नपा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

## गाउँपालिकाबासीलाई अनुरोध

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
**ऐरावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बरौला प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
**गौमुखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**अनुरोधक : सरुमारानी गाउँपालिका बड्डाँडा प्यूठान**

## स्वास्थ्य मापदण्डको पालना गरौं ।

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## भ्रुणहत्या अपराध हो

- लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
- त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
- छोरा र छोरी दुबैको जीवन सुरक्षित गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिकाबासीलाई अनुरोध

"घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।" भन्ने मुल नाराका साथ ३० औं अन्तराष्ट्रिय लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको अवसरमा गाउँपालिका भित्र संचालन हुने विभिन्न कार्यक्रममा सहभागी बनौं । हिंसा एक सामाजिक अपराध एवं विकास निर्माणकै बाधक तत्व भएको यसलाई न्यूनिकरण गर्न सरोकारवाला स्थानीय निकाय, प्रहरी प्रशासन, सम्बन्धित वडा कार्यालय, सञ्चारकर्मी, विभिन्न सरकारी, गैर सरकारी संस्थाहरु, आमा समुहहरु, महिला समुहहरु, समाजसेवी, बुद्धिजिवीहरु आदि सबैको महत्वपुर्ण भुमिका रहेकोले हिंसा विरुद्ध सबै निकाय एक भई आ-आफ्नो क्षेत्रबाट निरन्तर काम गरौं । पिडकलाई कानुनी दायरामा लैजान सहयोग गरी लैंगिक हिंसा मुक्त गाउँपालिका बनाउन सहयोग गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान**



**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**

अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाङ्दुला प्यूठान